# मुक्तिनाथ मन्दिर र ल्होमन्थाङ दरबार

## विश्वसम्पदामा सूचीकृत गर्न पहल



तस्बिर : हरिकृष्ण शर्मा

**विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको ल्होमन्थाङ दरबार ।**

**हरिकृष्ण शर्मा**
*मुक्तिनाथ (मुस्ताङ), जेठ २० गते*

गण्डकी प्रदेश सरकारले मुस्ताङको प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिर र ऐतिहासिक ल्होमन्थाङ दरबारलाई विश्वसम्पदामा सूचीकृत गर्नका लागि पहल गर्ने भएको छ।

प्रदेश प्रमुख डिल्लीराज भट्टले मङ्गलबार प्रदेश सभामा पेस गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ मा समुद्री सतहदेखि तीन हजार ७१० मिटरको उचाइमा अवस्थित हिन्दु तथा बौद्धमार्गीको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा चिनिएको मुक्तिनाथ मन्दिर र ल्होमन्थाङ गाउँपालिकामा माटोको पर्खालभित्र रहेको १४ औँ शताब्दीको ऐतिहासिक ल्होमन्थाङ दरबारलाई विश्वसम्पदा सूचीका लागि प्रभावकारी पहल गर्ने उल्लेख छ।

गण्डकी प्रदेश सरकारले विगतमा पनि संरक्षणका लागि पहल गर्ने प्रतिबद्धता जनाए पनि कार्यान्वयन नभएको भन्दै स्थानीय जनप्रतिनिधिसहित सरोकारवाला निकायले असन्तुष्टि जनाउँदै आएका थिए। करिब सात सय वर्षभन्दा लामो इतिहास बोकेको ढुङ्गा र माटोबाट निर्मित विशाल पर्खालले घेरिएको उपल्लो मुस्ताङको ल्होमन्थाङमा रहेको दरबार १४ औँ शताब्दीमा तत्कालीन राजा आङ्देन साङ्वो विष्टको कार्यकालमा बनेको हो। सन् २००८ मा संयुक्त राष्ट्रसङ्घ शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक सङ्गठन (युनेस्को) द्वारा सूचीकृत गर्न प्रस्ताव गरेमा स्थानीय अनिच्छुक भए पनि सम्पदामा सूचीकृतले संरक्षणसहित पर्यटकलाई आकर्षित गर्न सजिलो हुने जानकारी पाएपछि चासो देखाएसँगै युनेस्कोले पटक पटक अध्ययनसमेत गरेको छ।

त्यस्तै नेपाली, भारतीयसहित तेस्रो मुलुकका हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुक्तिनाथ क्षेत्रमा रहेको पुरानो गुम्बा संरक्षणको पर्खाईमा रहेको छ। बर्सेनि आठ लाखभन्दा बढी तीर्थालुले दर्शन गर्ने मुक्तिनाथमा हाल व्यवस्थापन समितिबाट जीर्णोद्धार भइरहेको छ। हिन्दु धर्मग्रन्थ अनुसार मुक्ति प्राप्तिका लागि उहिल्यै ब्रह्माले मुक्तिनाथमा योगरूप यज्ञ गरेको इतिहास छ।

यसैबिच उपल्लो मुस्ताङको दामोदरकुण्ड, मुक्तिनाथ मन्दिर, म्याग्दीको गलेश्वरधामसहित पञ्चकोट, देवघाट र त्रिवेणीधाम जस्ता महत्त्वपूर्ण धार्मिक स्थल जोड्ने गरी धार्मिक पर्यटन परिपथ विकास गरी मुख्य पर्यटकीय गन्तव्यमा पहुँचमार्ग, हाई अल्टिच्युड सिकनेसको उपचारलगायतका आधारभूत सुविधा विस्तार गरिने उल्लेख छ।

नीति तथा कार्यक्रममा धार्मिकसँगै कोरला नाका, पूर्वाधार, कृषि तथा पशुपालन, जलवायु परिवर्तनसहित अन्य विभिन्न कार्यक्रममार्फत मुस्ताङलाई समेटिएकाले आगामी आवको सुरुवातदेखि नै सक्रिय हुने गण्डकी प्रदेश सरकार, वन तथा वातावरणमन्त्री नम्दु गुरुङले बताउनुभयो। मुस्ताङमा कृषि, पर्यटन, पशुपालन र अन्तरदेशीय व्यापार नाका कोरलामार्फत आर्थिक गतिविधिलाई चलायमान बनाउन सकेमा गण्डकी प्रदेशका लागि नै कोसेढुङ्गा साबित हुने छ।

## आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

# पोखरामा चक्रपथदेखि धार्मिक सर्किटसम्म

**लेखनाथ समाचारदाता**
*लेखनाथ, जेठ २० गते*

पर्यटकीय राजधानी पोखरामा आवश्यक पूर्वाधार निर्माण र पर्यटन प्रवर्धनलाई केन्द्रित गरी गण्डकी सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम पेस गरेको छ।

मङ्गलबार प्रदेश प्रमुख डिल्लीराज भट्टले सभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो। आगामी वर्ष एकीकृत पर्यटन विकास अवधारणा कार्यान्वयन गरिने भएको छ। लेकसाइड–सराङकोट पोखरा चक्रपथ आगामी आर्थिक वर्षभित्र पूरा गर्ने लक्ष्य लिइएको छ।

पोखराको चङ्खपुरदेखि मर्दीबगरसम्म पर्यटकीय आकर्षणका रूपमा रिभरफ्रन्ट विकास गर्नुका साथै पातालेछाँगो क्षेत्रमा स्काई वाकको व्यवस्था गर्ने नीति लिइएको छ। प्रदेशमा आन्तरिक पर्यटन प्रवर्धन गर्न 'घुमौँ गण्डकी' र 'एक पालिका, एक गन्तव्य' कार्यक्रम सञ्चालन गरिने भएको छ।

दामोदरकुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट र वेणीधाम जस्ता महत्त्वपूर्ण धार्मिक स्थल जोड्ने गरी धार्मिक सर्किट विकास गर्ने सरकारको नीति छ। गण्डकीका हिमचुलीको प्रवर्धनका लागि नेपाल सरकार र सरोकारवाला निकायसँग सहकार्य गर्ने र अन्तरदेशीय सिधा हवाई उडान विस्तारका लागि पहल गर्ने नीति लिइने भएको छ। गोरखा दरबारदेखि हनुमानढोकासम्म फूलपाती पदमार्ग निर्माणका लागि बागमती प्रदेशसँग समन्वय गर्ने गण्डकीको नीति छ।

छिमेकी मुलुक भारत र चीनबाट आउने पर्यटकको सङ्ख्या आगामी पाँच वर्षभित्र दोब्बर बनाउने लक्ष्य लिइएको छ। त्यसका लागि नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रको साझेदारीमा भिजिट गण्डकी अभियान चलाइने भएको छ। स्काई डाइभिङ, हेलिस्किइङ, बन्जिजम्प, उच्च उचाइ साइक्लिङ जस्ता साहसिक गतिविधिको प्रवर्धन तथा नयाँ स्थल पहिचान गर्ने योजना लिइएको छ।

पोखरालाई अन्तर्राष्ट्रिय सभा सम्मेलन, स्वास्थ्य तथा आरोग्य एवं खेल पर्यटन केन्द्रका रूपमा स्थापित गर्न हरित पूर्वाधार एवं वातावरणमैत्री यातायात प्रवर्धनमार्फत दिगो पर्यटन सुनिश्चित गर्ने गण्डकी सरकारको नीति छ। गोरखा दरबार, क्व्होलासोथार, ल्होमन्थाङ दरबार, मुक्तिनाथ मन्दिर जस्ता सम्पदालाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिने भएको छ। विभिन्न क्षेत्रमा निजी लगानी आकर्षित गर्न 'इन्भेस्ट गण्डकी' कार्यक्रम ल्याइने भएको छ। 'कृषकलाई उद्यमी, कृषिलाई उद्योग' उद्घोष अन्तर्गत सहरबाट गाउँ फर्केर व्यावसायिक कृषि र कृषि उद्योग गर्न चाहनेलाई कर्जामा ब्याज अनुदान दिइने भएको छ। त्यसका लागि 'रिटर्न टु भिलेज' अभियान चलाइने भएको छ। कृषि एप, कृषि एम्बुलेन्स सेवा, पशुमा पूर्ण खोप स्थानीय तह जस्ता कार्यक्रम चलाइने भएको छ।

गण्डकी सरकारले सुन्तला, स्याउ, ओखर, कफी, अलैँची, महतलगायतका कृषि उपजको उत्पादन, प्रशोधन र बजार प्रवर्धन गर्ने भएको छ। जग्गा चक्लाबन्दी, आलु तथा चैते धान प्रवर्धन कार्यक्रम, उत्पादनमा आधारित प्रोत्साहन अनुदान जस्ता कार्यक्रमलाई निरन्तरता दिएको सरकारले खेतीयोग्य भूमि संरचना र उपयोगका लागि भूमि ऐन बनाउने भएको छ। नापी हुन बाँकी प्रदेशका जग्गाको नापनक्सा तयार पर्ने गण्डकी सरकारको नीति छ। जलवायु परिवर्तन, जैविक विविधता ह्रास तथा प्रदूषण वृद्धि जस्ता सङ्कट समाधान गर्न अनुसन्धनात्मक निकायसँग सहकार्य गर्ने सरकारको नीति छ।

लोकाहाखोला र पुँडीटार औद्योगिक क्षेत्रलाई सञ्चालनमा ल्याउने र गोरखकाली रबर उद्योग तथा भृकुटी कागज कारखाना सञ्चालनका लागि नेपाल सरकारसँग समन्वय गर्ने गण्डकी सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। नीति तथा कार्यक्रममा पर्यटन र कृषिकेन्द्रित केही नयाँ योजनासहित अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको छ। त्यसअघि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारको नीति तथा कार्यक्रम हस्तान्तरण गर्नुभएको थियो।




**प्रदेश सभा बैठकमा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै प्रदेश प्रमुख डिल्लीराज भट्ट ।**

# सीमा व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकता बनाउन माग

**तनहुँ समाचारदाता**
*तनहुँ, जेठ २० गते*

तनहुँ क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य इन्जिनियर श्रीराम न्यौपानेले नेपाल–भारत सम्बन्ध, सीमा व्यवस्थापन र राष्ट्रिय हितका विषयमा सीमा व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउन सरकारसँग माग गर्नुभएको छ। संसद् स्थगित भएका कारण सदनमा आफ्ना धारणा राख्न नपाएपछि उहाँले बुधबार सार्वजनिक वक्तव्यमार्फत सो माग गर्नुभएको हो।

नेपाल–भारत सम्बन्धमा बेला बेलामा देखिने विवादका मूल कारण खुला सीमा, नदीजन्य सीमा जटिलता, ऐतिहासिक सामाजिक सम्बन्ध, राजनीतिक राष्ट्रवाद, पुराना सन्धिसम्झौताको पुनरवलोकनको आवश्यकता तथा जलस्रोत उपयोगमा साझा रणनीतिक दृष्टिकोणको अभाव रहेको उहाँले बताउनुभएको छ। सांसद न्यौपानेले नेपाल–भारत जलसम्बन्धी बहस केवल पानी बाँडफाँटको विषय नभई साझा समृद्धि, ऊर्जा सुरक्षा, बाढी नियन्त्रण र क्षेत्रीय सहकार्यसँग जोडिएको विषय भएको उल्लेख गर्नुभयो।

सांसद न्यौपानेका अनुसार नेपाल–भारत सीमामा रहेका हजारौँ सीमास्तम्भका जिपिएस समन्वय, प्राविधिक नक्सा तथा अभिलेख तयार भए पनि प्रभावकारी सीमा व्यवस्थापन हुन सकेको छैन। सन् २०१४ मा बाउन्ड्री वर्किङ ग्रुप (बिएमडब्लु) मार्फत सुरु भएको आधुनिक सीमा व्यवस्थापन प्रक्रिया सन् २०१९ पछि प्रभावकारी रूपमा अघि नबढेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो।

# ढोरपाटनमा फस्टाउँदै होटेल तथा होमस्टे

**गलकोट समाचारदाता**
*गलकोट (बागलुङ), जेठ २० गते*

ढोरपाटनमा पछिल्लो समय आन्तरिक पर्यटकको आगमन वृद्धि भएको छ। वार्षिक पाँच हजारका दरले पर्यटकको सङ्ख्या वृद्धि भएसँगै यहाँ होटेल तथा घरबास फस्टाउन थालेका छन्।

नेपालको एक मात्र सिकार आरक्ष क्षेत्रका रूपमा परिचित ढोरपाटन उपत्यकामा पछिल्लो समय निजी क्षेत्रको लगानीसमेत बढ्दै गएको छ। कुनै समय एउटा सामुदायिक होटेलका भरमा चलेको ढोरपाटनको पर्यटन व्यवसायमा पछिल्लो एक दशकयता ३९ वटा होटेल तथा घरबास थपिएका छन्। चर्चित पत्रकार तथा भिडियोग्राफर सिर्जना ओलीले समेत यसै वर्षदेखि होटेल सञ्चालनमा ल्याउने गरी पूर्वाधारको काम अगाडि बढाउनुभएको छ।

प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमशृङ्खलाको दृश्यावलोकन, सिकार आरक्ष तथा धार्मिक, सांस्कृतिक सम्पदाका कारण ढोरपाटन गण्डकी प्रदेशकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा परिचित भएपछि निजी क्षेत्रले लगानीमा चासो देखाएको हो। ढोरपाटन सिकार आरक्ष कार्यालयको तथ्याङ्क अनुसार हाल ढोरपाटन क्षेत्रमा ३९ वटा निजी होटेल, होमस्टे तथा गेस्टहाउस सञ्चालनमा छन्। ती होटेल तथा घरबासमा साधारण र विशिष्ट गरी कुल २४० कोठा क्षमता रहेको छ।

पर्यटक आगमन बढेसँगै स्थानीयवासीले घरबास सञ्चालनलाई आयआर्जनको माध्यम बनाएका छन्। पाखाथर सामुदायिक घरबासका अध्यक्ष पुनम बुढामगरले पाखाथर क्षेत्रमा मात्रै १० वटा घरबास सञ्चालनमा रहेको जानकारी दिनुभयो। ढोरपाटन नगरपालिका क्षेत्रका तल्लोचौर, पाखाथर, तिब्बतीयन क्याम्प, स्यालपाखे, एयरपोर्ट, बिजोरीखोला, माझचौर, उत्तरगङ्गा तथा नवी क्षेत्रमा होटेल तथा होमस्टे सञ्चालनमा छन्।

## अन्नपूर्ण आरोहणको छयहत्तर वर्ष

# ५७२ आरोही पुगे शिखर

**बेनी समाचारदाता**
*बेनी, जेठ २० गते*

जुन ३ अर्थात् जेठ २० गते ८,०९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालमा पहिलो पटक मानव पाइला परेको ऐतिहासिक दिन हो। ७६ वर्षअघि सन् १९५० जुन ३ का दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासमेत गरी चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेका थिए।

आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये सबैभन्दा पहिला मानव पाइला परेको हिमाल भएकाले अन्नपूर्णलाई जेठो हिमाल भनेर पनि चिनिन्छ। आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये अन्नपूर्ण प्रथमको पहिलो पटक सफल आरोहणपश्चात् नेपालमा हिमाल आरोहणको युग सुरु भएको थियो।

अन्नपूर्णको सफल आरोहणसँगै संसारभर चर्चा भएको थियो। म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४, नारच्याङमा रहेको अन्नपूर्ण प्रथम हिमाल आरोहणको ७६ वर्ष पूरा भएको छ। हिमाल आरोहणको ७६ वर्ष पूरा भएको अवसरमा गाउँपालिका र वडा कार्यालयले बुधबार विविध कार्यक्रम आयोजना गरेर आरोहण दिवस मनाए।

अन्नपूर्ण हिमाल आरोहणको ७६ वर्षको अवधिमा स्वदेशी र विदेशी गरी ५७२ आरोही शिखरमा पुगेका छन्। पर्यटन विभागले गत जेठ १९ गते प्रकाशित गरेको पर्वतारोहण तथ्य र चित्र नामक पुस्तकका अनुसार २०२३ जुन ५ सम्म ४८८ जना, सन् २०२५ मा ४४ जना र चालु वसन्तकालीनयाममा ४० जना गरेर ५७२ जनाले अन्नपूर्णको सफल आरोहण गरिसकेका छन्।

केही वर्षअघिसम्म सुनसान हुने गरेको अन्नपूर्णमा पछिल्लो पाँच वर्षयता पर्वतारोहीको सङ्ख्या वृद्धि हुन थालेको मौरिस हर्जोग पदमार्गका अभियन्ता तथा स्थानीय पर्यटनकर्मी तेज गुरुङले बताउनुभयो। फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेसँगै हिमाल आरोहणको युगको सुरुवात भए पनि लामो समयसम्म अन्नपूर्ण गुमनाम भएको पर्यटनकर्मी गुरुङले बताउनुभयो। म्याग्दीको दाना हुँदै मुस्ताङको घाँसाबाट पूर्व नीलगिरि साउथ हिमालको फेदीबाट म्याग्दीको नारच्याङगाउँको सिरानमा पर्ने हुमखोलादेखि भुस्केटमेला हुँदै आरोही अन्नपूर्ण प्रथम हिमाल पुगेका थिए। गत वर्ष गाउँपालिकाले आधार शिविरमा नै अन्नपूर्ण आरोहणको हीरक महोत्सव मनाएको थियो।

पहिलो आरोहीले प्रयोग गरेको पदमार्गलाई गाउँपालिकाले मौरिस हर्जोग पदमार्ग नामकरण गरेर पूर्वाधार निर्माण र प्रचारप्रसार गर्न थालेपछि चार हजार १९० मिटरको उचाइमा रहेको अन्नपूर्ण आधार शिविर स्वदेशी तथा विदेशी पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास हुन थालेको छ। अन्नपूर्ण आधार शिविर र पदमार्गमा पर्यटकीय पूर्वाधारको निर्माण र प्रचारप्रसार गरेर गाउँपालिकाको मुख्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्य रहेको पालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो। अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारीसाधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँदेखि पञ्चकुण्ड ताल हुँदै आधार शिविरसम्म २१ किलोमिटर दुरीको मौरिस हर्जोग पदमार्गको विकास गरिएको छ। पदमार्गमा रहेको फुतफते झरना, आधार शिविरमा रहेको पञ्चकुण्ड ताल र हिमालको प्राकृतिक सुन्दरताले गर्दा यो क्षेत्र पछिल्लो समय पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको छ।

यसैबिच अन्नपूर्ण आरोहण दिवसका अवसरमा आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण गर्ने आरोही र अन्नपूर्णको पर्यटन प्रवर्धनमा योगदान दिने पर्यटनकर्मीलाई सम्मान गरिएको छ। अन्नपूर्ण गाउँपालिका–४, नारच्याङमा आयोजित कार्यक्रममा तीन पटकसम्म अन्नपूर्ण प्रथमको सफल आरोहण गर्ने सङ्खुवासभा मकालु गाउँपालिका–२ निवासी छाङ्वा शेर्पा र ओखलढुङ्गा जिल्ला खिजिदेम्बा गाउँपालिका–९ की माया शेर्पालाई सम्मान गरेको छ।



तस्बिर : ठाकुरप्रसाद आचार्य

**आरोही र पर्यटनकर्मीलाई सम्मान गरिँदै ।**

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
हेभी इक्विपमेन्ट डिभिजन, नेपालगंज

**मालसामान खरिद सम्बन्धि दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२१ गते)

यस डिभिजनलाई आवश्यक भएका तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरूबाट निम्न बमोजिमको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ। सूचना प्रकाशन मितिले ७ (सात) औं दिन सम्म कार्यालय समयभित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दराभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिने छ। विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ।

| सि. नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रू. | जमानत रकम | कै. |
|---|---|---|---|---|---|
| 1 | HEDNPJ/SQ/GOODS/06/2082-083 | मालसामान खरिद मेशनरी औजार (पार्टपुर्जा) | १०००/- | ५००००/- | |

नोट: विस्तृत सूचनाका लागि यस कार्यालयको सूचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही, मधेश प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३।०२।२१)

यस कार्यालयबाट मिति २०८३।०२।१२ गते प्रकाशित सूचना अनुसार पर्न आएको शिलबन्दी दरभाउहरूको मूल्यांकनबाट सारभूत रुपमा प्रभावग्राही देखिन आएको शिलबन्दी दरभाउपत्रहरू मध्ये न्यूनतम अंक कबोल गरेको तपसिलमा उल्लेखित शिलबन्दी दरभाउपत्र सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसील

| बोलपत्र नम्वर | बिबरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| BRM/works/SQ/02/2082-083 | Construction of Wada No. 4 Tribhuvannagarma Janta aabasko lagi ghar Nirman, | Mithila & Janki Construction, Kathmandu. | 12,94,364.90 |

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
रेल, मेट्रोरेल मोनोरेल विकास आयोजना, निर्देशनालय
रेल विभाग
रेल योजना कार्यालय
लालबन्दी, सर्लाही।

**निर्माण व्यवसायी श्री महालक्ष्मी/हिरा एण्ड नमिता जे.भी. लाई खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धी १५ दिने सूचना**

प्रकाशित मितिः २०८३/०२/२१

रेल, मेट्रोरेल मोनोरेल विकास आयोजना, विशालनगर, काठमाण्डौं र निर्माण व्यवसायी श्री महालक्ष्मी/हिरा एण्ड नमिता जे.भी., काठमाडौं बिच २०७०/०८/२१ गते सम्झौता भई रेल योजना कार्यालय, लालबन्दीमा मिति २०७७/०८।२८ गते हस्तान्तरण पश्चात् निर्माणाधीन अवस्थामा रहेको Construction of Railway Track Bed of Simra Bardibas Sector of MMERP (Ch 79+600 to 80+500) Contract No. DORW/RTB/02/2070/071 रेल योजनाको म्याद थप बमोजिम मिति २०८२/०७/२९ भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्यालयको पटक पटक लिखित तथा मौखिक ताकेता हुँदा समेत सन्तोषजनक प्रगति तथा कार्य सम्पन्न नभएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, २(क), दफा ५९ (७) बमोजिम सम्झौता उल्लंघन भएको हुँदा सोहि बमोजिम खरिद सम्झौता अन्त्य गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जानकारी गराइन्छ। खरिद सम्झौता अन्त्य गर्न नहुने मनासिब कारण भए १५ (पन्ध्र) दिन भित्र स्पष्टीकरण पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। योजना प्रमुख

बढुवा समितिको सचिवालय
जिल्ला प्रशासन कार्यालय, सिरहाको सूचना

लोक सेवा आयोग, जलेश्वर कार्यालयको देहायको बढुवा सूचना, सेवा, समूह, पद र श्रेणीको रिक्त पदमा ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्धारा गरिने बढुवाका लागि बढुवा समितिको मिति २०८३।०२।२० को निर्णयानुसार देहाय बमोजिम उम्मेदवारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय गरिएकोले निजामती सेवा ऐन, २०४९ को दफा २० र २४च को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **बढुवा सूचना नं. ३७०/०८२/०८३ (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन), पद : खरिदार, सेवा–प्रशासन, समूह–सामान्य प्रशासन, श्रेणी–रा.प.अनं. द्वितीय** (अप्राविधिक)

| क्र.सं. | कर्मचारी सङ्केत नं. | उम्मेदवारको नाम |
|---|---|---|
| १. | १६९१५७ | राजेन्द्र प्रसाद यादव |

Government of Nepal
Ministry of Health & Food Safety
Department of Ayurveda & Alternative Medicine
Teku, Kathmandu

**Notice of Intention to Award**

Date of Notice : 4 Jun 2026

Pursuant to clause 27(2) of Public Procurement Act, 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids Published on Gorkhapatra Daily DOAA intends to award the contract to the same.

| S. No. | IFB NO. | Name of Successful Bidder | Total Amount (excluding VAT & PS) |
|---|---|---|---|
| 1 | 01/DOAA/NCB/WORKS/2082/83 (Procurement of Interior Works of Panchakarma and Yoga Center, Budhanilkantha. | Sajha Construction, Manthali-01, Ramechhap, Bagamati Province. | Rs. 55,05,376.97 |